आज मिति २०७७ साल असाढ ०९ गते बिहान ८: १५ बजे मनहरी गाउँकार्यपालिकाको बैठक गाउँपालिकाका अध्यक्ष श्री एकराज उप्रेती ज्यू को अध्यक्षतामा तपशिल बमोजिमको उपस्थितिमा बसी निम्नानुसार निर्णय गरियो ।

<u>उपस्थिति</u>

| | | |
|---|---|---|
| श्री एकराज उप्रेती | गांउपालिका अध्यक्ष | अध्यक्ष |
| श्री मनिला विष्ट | गाउँपालिका उपाध्यक्ष | उपाध्यक्ष |
| श्री आनन्द घलान | २ नं. वडा अध्यक्ष | सदस्य |
| श्री गोपिलाल मोक्तान | ६ नं. वडा अध्यक्ष | सदस्य |
| श्री ठाकुरराम तितुङ्ग | ७ नं. वडा अध्यक्ष | सदस्य |
| श्री दिलबहादुर स्याङ्तान | ८ नं. वडा अध्यक्ष | सदस्य |
| श्री ध्रुव खड्का | ४ नं. वडा अध्यक्ष | सदस्य |
| श्री .................. | ३ नं. वडा का.बा. अध्यक्ष | सदस्य |
| श्री साधुराम अधिकारी | ९ नं. वडा अध्यक्ष | सदस्य |
| श्री शिव प्रसाद खनाल | १ नं. वडा अध्यक्ष | सदस्य |
| श्री शुभराज थिङ्ग | ५ नं. वडा अध्यक्ष | सदस्य |
| श्री कृष्ण विडारी | महिला सदस्य | सदस्य |
| श्री पम्फा रोक्का | महिला सदस्य | सदस्य |
| श्री राधा देवि खकुराल पाठक | महिला सदस्य | सदस्य |
| श्री राममाया प्रजा चेपाङ | महिला सदस्य | सदस्य |
| श्री गीता कुमारी प्रजा | दलित वा अल्पसंख्यक सदस्य | सदस्य |
| श्री देबराज चौलागाई | प्रमुख प्रशासकीय अधिकृत | सचिव |

<u>आमन्त्रित/बैठक सहयोगी</u>

| | |
|---|---|
| श्री संगीता अधिकारी | लेखा अधिकृत |

Scanned by TapScanner

मनहरी गाउँ
गाउँ कार्यपालिकाको का
रजैया, मकवानपुर
बागमती प्रदेश, नेपाल

निर्णय नं.१

यस मनहरी गांउपालिकाको आगामी आ.ब.०७७/०७८ को लागी तयार गरिएको संलग्न अनुसुची-१ बमोजिमको निति तथा कार्यक्रम मिति २०७७/०३/१० गते बस्ने सातौं गांउसभामा छलफल तथा स्वीकृतिकालागी पेश गर्ने गरि अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं २

यस मनहरी गांउपालिकाको आगामी आ.ब.०७७/०७८ को लागी कर तथा गैर कर का दरहरु निर्धारण गरि राजस्व परामर्स समितिबाट तयार गरि पेश हुन आएको संलग्न अनुसुची-२ बमोजिमको आर्थिक ऐन-२०७७ थप छलफल तथा स्वीकृतिकालागी सातौं गांउसभामा पेश गर्ने गरि अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं ३

मनहरी गाउंपालिकाबाट आर्थिक बर्ष २०७७/०७८ को सेवा र कार्यहरुमा खर्च गर्न सञ्चित कोषबाट केही रकम झिक्ने र खर्च गर्ने सम्बन्धमा बजेट तथा कार्यक्रम तर्जुमा समितिबाट तयार गरि पेश गरेको संलग्न अनुसुचि-३ बमोजिमको बिनियोजन बिधेयक र सो बिधेयकमा भएको योजना/कार्यक्रम उल्लेख भएको अनुसुचीहरुमा ब्यापक छलफल गरि स्वीकृत गर्न सातौं गांउसभामा प्रस्ताब पेश गर्ने गरि अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं ४

मनहरी गांउपालिकाले आ.ब.०७६/०७७ को लागी नदिजन्य पदार्थ(ढुङ्गा गिटि बालुवा ग्राभेल आदि)निकासीमा प्रदेश कानुन बमोजिम लगाईने निकासी कर संकलनकालागी ठेक्का लगाईएकोमा सो ठेक्काको म्याद समाप्त हुनु अगावै बिश्वव्यापी रुपमा फैलिएको कोरोना भाईरस महामारीको कारण झण्डै १.५ महिना बन्दाबन्दी (Luckdown) भएको कारण निकासी कार्य अबरुद्ध हुंदा ठेक्काको शर्त बमोजिम राजस्व संकलन प्रभाबित भई नोक्सानी ब्यहोर्न परेकोले सो सम्बन्धमा मनासिब निर्णय हुन भनि ठेकेदार श्री सि.बि.कन्ट्रक्सन प्रा.लि.ले मिति २०७७/०२/२५ मा दिएको निबेदनको व्यहोरा बमोजिम नोक्सानी भए नभएको वा थप सहुलियत सुबिधा वा म्याद थप गर्नु पर्ने नपर्ने लगायतको निर्णय हुंन आगामी गांउसभामा पेश गर्न स्थानिय राजस्व परामर्स समितिबाट समेत राय प्राप्त गरि सो सम्बन्धमा निर्णयार्थ गांउसभामा प्रस्ताब पेश गर्ने निर्णय गरियो ।

निर्णय नं ५

कर्मचारी प्रोत्साहन मापदण्ड २०७५ बमोजिम कर्मचारीहरुलाई मासिक प्रोत्साहन भत्ता भुक्तानी गर्न सुचक सहीत मुल्यांकन गर्ने र सोको आधारमा आ.ब.०७६/०७७ को श्राबण देखि अषाढ सम्मको नियमानुसार खर्च लेख्न प्रमुख प्रशासकीय अधिकृतलाई अख्तियारी प्रदान गर्ने निर्णय गरियो । साथै सो कामकोलागी तयार भएको स्वःमुल्यांकन फारम स्वीकृत गर्ने निर्णय गरियो । प्रोत्साहन भत्ता प्रदान गर्दा यस अघि कोभिड-१९ बिपदको व्यबस्थापन काममा खटिनेलाई उपलब्ध गराउने गरि निर्णय भएका कर्मचारी हरुलाई लकडाउन अबधिभर त्यसै निर्णय बमोजिम,अन्य काममा भत्ता उपलब्ध गराउने गरि खटिएकालाई सो अवधिमा दोहोरो नपर्ने गरि र प्रमुख प्रशासकीय अधिकृतलाई स्वःमुल्याङ्कन भर्न अनिबार्य नहुने गरि व्यबस्थापन गर्न समेत अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं ६

... प्रमाणित
... प्रशासकीय अधिकृत

पुष्कराज उप्रेती
अध्यक्ष

Scanned by TapScanner

मनहरी गाउँ कार्यपालिकाको कार्यालय
राँईगाउँ, मकवानपुर
बाग्मती प्रदेश, नेपाल

तपशील:

| सि.नं | साबिक नाम | हाल कायम गर्नु पर्ने नाम | साबिक बिनियोजन | परिवर्तित योजनामा बिनियोजन |
|---|---|---|---|---|
| १ | प्रजा बाख्रा पालन कार्यक्रम | लाउरे चोक हुदै जंगल बाटो स्तरीकरण | १००००० | १००००० |
| २ | जिम सामग्री खरीद | लाउरे चोक हुदै जंगल बाटो स्तरीकरण | ३००००० | ३००००० |
| ३ | ऋषेश्वर प्रा.बि.जाने बाटो स्तरीकरण | धनेश्वरी मंदीर जाने बाटो स्तरीकरण | २५०००० | २५०००० |

निर्णय नं ९

मनहरी गांउपालिकाको बालिका सुरक्षा कार्यक्रम अन्तरगत बालिका बिमाका लागी प्राप्त आबेदन हरु मध्यबाट सो बिमा कार्यक्रम संचालन कार्यबिधिमा उल्लेखित समितिबाट छनौट भई सिफारिस भएका बालिका हरुको नाम स्वीकृत गरि नियमानुसार जिबन बिमा गरिदिने निर्णय गरियो ।

निर्णय नं १०

मिति २०७६/११/२१ को छैठौं गांउसभाबाट कृषि पशुपालन तर्फको खर्च नभएका योजना/कार्यक्रममा बांकी रहेको रकम कृषकलाई टनेल,मल/बिउ,लगायत कृषि सामग्री अनुदान शीर्षकमा राख्ने गरि संसोधन निर्णय भएका मध्य बस्ती बिहिन कृषि बगर खेती/घांस क्षेत्र संरक्षण तथा नर्सरी शीर्षकबाट गांउसभा भन्दा अघिनै कार्यक्रमकोलागी पेश्की उपलब्ध गराईएकोले हाल सो कार्यक्रम सम्पन्न समेत भई बिल भरपाई प्राप्त भएको हुंदा गाई ढुवानी ५० प्रतिशत अनुदान शीर्षकबाट रकम भुक्तानी दिई कार्यक्रम फरफारक गर्न रु.११००००/बिनियोजन गर्ने निर्णय गरियो ।

निराज प्रसाईंपात
प्रमुख प्रशासकीय अधिकृत

एकराज उप्रेती
अध्यक्ष

Scanned by TapScanner

# मनहरी गाउँपालिका

## आर्थिक वर्ष २०७७/०७८ को
## नीति तथा कार्यक्रम र बजेट वक्तव्य

Scanned by TapScanner

लक्षित गरेका उद्देश्यहरु हासिल गर्न सघाउ पुग्नुका साथै समृद्ध नेपाल, सुखि नेपाली को परिकल्पनामा समेत सहयोग पुग्ने विश्वास समेत लिएको छु ।

मनहरी गाउँपालकाको आ.ब. २०७७/७८ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको अर्थ विधेयक, स्थानीय तहको आर्थिक विधेयक सम्मानीत सभा सामु पेश गरेको छु । त्यस्तै मनहरी गाउँपालिकाको आर्थिक वर्ष २०७७/७८को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्वन्धमास्थानीय तहको विनियोजन विधेयक समेत सम्मानित सभा सामु पेश गरेको छु ।

**सभाअध्यक्ष महोदय,**

अव म आगामी आ.व को वजेट तथा कार्यक्रम प्रस्तुत गर्नु अघि संक्षिप्त रुपमा गत आर्थिक वर्षको यथार्थ प्रगति बिवरण र चालु आर्थिक वर्षको संशोधित विवरण प्रस्तुत गर्न चाहान्छु ।

गत आ.व. ०७५/०७६ मा यस गाउँपालिकामा विभिन्न शिर्षक मा कुल **एकहत्तर करोड दश लाख पाँच हजार तिनसय अठहत्तर रुपया** आम्दानी र गत विगतको जिम्मेवारी **रु.पाँच करोड बयासी लाख बाइस हजार दुईसय उन्नानअसि** गरि कुल **छैयत्तर करोड त्रियासी लाख सत्ताइस हजार छयस सन्ताउन्न** आम्दानी जम्मा भएकोमा विभिन्न शिर्षकमा, चालु तथा पुजिगत खर्च गरि कुल **छपन्न करोड सत्तरी लाख अठासी हजार पाँचसय बत्तिस रुपैया** खर्च भई रु.**विस करोड बाह्र लाख उन्नानचालिस हजार एकसय पच्चिस रुपैया** मौज्दात रहन गएको छ।

उक्त आ.व.मा सम्पन्न भएका **तिनसय तिस**योजना तथा कार्यक्रमहरुबाट तपसिल बमोजिमका उपलब्धिहरु हासिल भएको व्यहोरा अवगत गराउन चाहन्छु ।

| सि.न. | बिषयगत श्रोत | ईकाई | परिमाण |
|---|---|---|---|
| १ | सडक | | |
| १.१ | नया ट्र्याक ओपन | मिटर | ३०८०० |
| १.२ | ग्रेभल | मिटर | २१५५० |
| १.३ | पक्की स्ल्याव ढलान | मिटर | ४१५० |
| १.४ | कालो पत्रे | मिटर | ९८१.५ |
| २ | पुल पुलेसा | | |
| २.१ | बक्स कल्भर्ट | वटा | ९ |
| २.२ | हयुमपाईप कल्भर्ट | वटा | २२ |
| २.३ | कजवे | वटा | १ |
| २.४ | आर.सि.सि कल्भर्ट | वटा | १ |
| ३ | खानेपानी | | |
| ३.१ | सार्वजनिक धारा निर्माण | वटा | २७ |
| ३.२ | मर्मत | वटा | ३ |
| ३.३ | पाईपलाईन विस्तार | मिटर | २२ हजार |
| ३.४ | ट्युवेल धारा जडान | वटा | १४ |
| ४ | भवन | | |
| ४.१ | सहकारी भवन | वटा | ६ |



निर्णय प्रमुख प्रशासकीय अधिकृत

एकराज उप्रेती अध्यक्ष

Scanned by TapScanner

यिनै सम्भावना र चुनौति बिच आगामी आर्थिक वर्षको बजेट तयार गरेको छु जसको लक्षआर्थिक, सामाजिक तथा समन्यायीक विकास सहित मनहरीलाई समृद्ध बनाउनु रहेको छ ।

माथिका लक्ष्य तथा उद्धेश्य हासिल गर्नका लागि आगामी आर्थिक वर्षको नीति, कार्यक्रम, प्राथमिकता तथा वजेट प्रस्तुत गर्न गईरहेको छु ।

## १. आर्थिक विकास

### १.१ कृषि तथा पशुपालन

- खेती योग्य जग्गा बाँझो राख्न नपाउने गरि खालि जग्गाहरुमा **सामुहिक कृषि** को अवधारण अनुरुप समुह मार्फत **सामुहिक खेती कार्यक्रम** संचालन गरि स्वरोजगार मुलक कार्यक्रम संचालन गर्न प्राविधीक सहयोग साथै अनुदानको व्यवस्था गरिनेछ ।
- कोरोना भाइरसका कारणले प्रभावित भई बैदेशिक रोजगारीवाट फर्किएका तथा मुलुकका अन्य भुभागवाट फर्किएका रोजगार विहिन भएका व्यक्तिहरुलाई कृषि तथा व्यवसायीक पशुपालन कार्यक्रम मार्फत स्वरोजगार वनाउन आवश्यक प्रवन्ध मिलाईनेछ ।
- कृषि तथा पशुपालन कार्यलाई पुर्ण व्यवसायिक बनाउन **उत्कृष्ठ कृषक अनुदान** कार्यक्रम निरन्तरता दिइने छ ।
- गाई, भैसिमा दिदै आएको निशुल्क कृतिम गर्भाधानलाई निरन्तरता दिईएको छ ।
- तरकारी, माछा र मह जस्ता तुलनात्मक लाभ भएका वस्तुको उत्पादन तथा व्यवसायीकरणलाई प्रोत्साहन गर्दै कृषि जन्य पदार्थ सङ्कलन केन्द्र क्रमश निर्माण गर्दै लगिने छ ।
- माटो परिक्षण सिविर संचालन गरि सबै वडाहरुमा माटो सुधार कार्यक्रम सञ्चालन गरिनेछ ।
- कृषिकार्यको लागि आवश्वय रासायनिक मल तथा मुलविउ तथा उन्नत विज वितरण तथा सोमा अनुदान कार्यक्रमलाई निरन्तरतादिइने छ ।
- अर्ग्यानिक कृषि पकेट क्षेत्रको विकासका लागि **एक वडा एक अर्ग्यानिक फर्म** स्थापना गर्न प्राविधिक सहयोग र अनुदानको व्यवस्था गरिनेछ ।
- दुग्ध उत्पादनमा प्रोत्साहन गर्न दुग्ध संकलन केन्द्र डेरीमा दुग्ध विक्रि गर्ने **किसानलाई प्रति लिटर रु.एक अनुदान** दिदै आइएकोमा शत प्रतिशत वृद्धी गरि**प्रति लिटर रु.दुई** उपलब्द गराइनछ ।
- गाउँपालिका क्षेत्रभित्रका खेतियोग्य जग्गाहरु बाँझो राख्न नपाइने निति अवलम्वन गरिनेछ । परम्परागत खेति प्रणालीलाई प्रतिस्थापन गरि उत्पादनमा विविधिकरण मार्फत कृषिलाई आधुनिकिकरण गरिनेछ ।
- गाँउपालिका स्तरमा **भुमी बैंकको** स्थापना गरिनेछ ।भुमी बैंक मा प्राप्त भएका जग्गाहरु सामुहीक खेती प्रणली मार्फत परिचालन गरि उत्पादनशिलकार्यमा प्रयोग गरिनेछ ।
- **एक वडा, एक क्षेत्र ,एक बालीको** नितिलाई प्राथमिकता दिईने छ । हरेक वडाको सम्भाव्यता अध्ययनको आधारमा पकेट क्षेत्रको रुपमा विकास गरि कृषिलाई आधुनिकीकरण गरिने छ ।
- गाँउपालिका क्षेत्र भित्रका एक हजार लैना पशुहरुलाई बिमागर्न आवश्यक विमा प्रिमिएम रकम मा ५० प्रतिशत अनुदान दिईनेछ ।
- उन्नत नस्लका बोका५० प्रतिशत अनुदानमा वितरण गर्ने कार्यक्रमलाई अगाडी बढाईने छ।

### १.२ सहकारी तथा टोल बिकास संस्था

- विपन्न तथा पिछडिएका वर्ग तथा समुदायलाई सहकारीमा संगठित गरी सहकारीलाई सरकार र निजी क्षेत्रको परिपूरकको रुपमा भूमिका खेल्न सक्ने गरी स्थानीय अर्थतन्त्रको सवल स्तम्भको रुपमा विकास गरिनेछ ।

- वडा नं. ९ मा रहेको राजमार्ग पिकनिक स्पोटलाई [illegible]देवी पार्क नामाकरण गरि आवश्यक पुर्वाधार बिकास गर्न लगानी गरिने छ ।
- वडा नं. ३ मा रहेको ऐतिहासिक सिद्धकाली मन्दीरको जिर्णउद्धार गरि तयार भएको डि.पि. आर बमोजिमको कार्यक्रहरु अगाडी बढाईने छ ।
- विभिन्न जंगलि जिव जन्तुअवलोकन गर्न उपयक्त हुने वडा नं. ५ मा रहेको शिखर पिकनिक स्थललाई पर्याटकीय क्षेत्रको रुपमा विकासगर्न आवश्यक लगानी गरिने छ ।
- यस क्षेत्रका समाजसेवी स्व. गोपाल बहादुर न्यौपानेको स्मृतीमा मनहरी वडा नं. ९ ज्यामिरेमा **गोपाल स्मृती पार्क** निर्माण गर्दै लगिनेछ ।

## २. पूर्वाधार विकास

### २.१ सडक

- गाउपालिकाको गौरवका आयोजनाको रुपमा अगाडी बढाइएको **रजैया लामीटार मकरी सडक अन्तरगत पर्ने ५ वटा पक्की** पुलहरुको निर्माण आगामी दुई वर्षभित्र सक्नेगरि ठेक्का बढाइएको छ । आवश्यक बजेट विनियोजन गरि आगामी दुई आर्थिक बर्षमा सम्पन्न गरिनेछ ।
- अन्य महत्वपुर्ण सडकहरुमा कालोपत्रे गर्ने तथा ढलान गर्ने कार्यलाई निरन्तरता दिईनेछ। अन्य नयां स्थानको सडकको सम्भाव्यता अध्ययन गरी डी.पी.आर. तयार गरिने छ ।
- गाउपालिका क्षेत्रमा प्राथमिकतामा परी विगतदेखि नै क्रमागत रुपमा सञ्चालन भइरहेका सडक आयोजनाहरुलाई बजेट बिनियोजन गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।
- सञ्चालनमा रहेका सडक आयोजनाहरुको लागि नियमित मर्मत सम्भार गर्न **मर्मत सम्भार कोष विनियमावली** बमोजिम निश्चित प्रतिशत रकम कोषमा राख्ने व्यवस्थालाई निरन्तरता दिइनेछ ।
- संघ तथा प्रदेश सरकारसंगको सह लगानीका आधारमा समपुरक कोष मार्फत ठुला सडक तथा पुल र तटबन्धन निर्माणको योजना अगाडी बढाइनेछ ।
- सडक निर्माण गर्दा नाला निर्माणलाई अनिवार्य गरी **हरित सडकको** अवधारणालाई कार्यान्वयन गर्दै सडकहरुको दायां बायां वृक्षारोपण गर्दै लगिने छ ।
- **साझेदारी पुर्वाधार निर्माण कार्यक्रम** अन्तरगत नगद जनसहभागितामा आधारित आयोजनाहरुमा प्राथमिकता दिईने छ । वस्ती स्तरका सडकहरुमा स्ल्याव ढलान तथा कालोपत्रे गर्ने कार्यको लागि कम्तिमा ४० प्रतिशत नगद जनसहभागिता जुटेमा प्राथमिकताका आधारमा समपूरक कोषबाट जुनसुकै बेला लगानी गरिने छ ।
- पूर्वि राप्ती किनार तटबन्धन क्रमागत योजनालाई प्रभावकारी बनाउन केन्द्रीय सरकार समक्ष पहल गरिने छ ।
- गाउँपालिका भित्रका बजार क्षेत्र तथा बजार उन्मुख टोल वस्तीहरुका सडकहरुमा वैकल्पिक उर्जा मार्फत **"उज्यालो सडक" कार्यक्रम** तर्जुमा एंव कार्यन्वयनलाई निरन्तरता दिईनेछ ।

**खानेपानी तथा सरसफाई**

- निर्माणको चरणमा रहेका विभिन्न बृहत खानेपानी योजनाहरु यसै आ.व.मा सम्पन्न गर्ने गरि रकम विनियोजन गरी सम्पन्न गरिने छ । सम्पन्न भई संचालनको तयारीमा रहेका आयोजनाहरु तुरुन्त

सञ्चालन गर्न आवश्यक प्रबन्ध मिलाईनेछ । आवश्यकता र मागका आधारमा थप खानेपानी आयोजनाहरुको विस्तृत अध्ययन गरि डि.पि.आर. तयार गरिनेछ ।

- गाउपालिका स्तरीय एक **खानेपानी बोर्ड** गठन गरिने छ । खानेपानी बोर्ड मार्फत सम्पुर्ण योजनाहरुलाई दिगो एवं भरपर्दो रुपमा संचालनको व्यवस्था मिलाईनेछ ।
- मनहरी गाउपालीकालाई पूर्ण सरसफाई युक्त पालिकाबनाउनको लागि खानेपानी तथा सरसफाईका क्षेत्रमा कार्यरत सरकारी, गैरसरकारी तथा निजी क्षेत्रहरुसंग समन्वय र सहकार्य गरी **पूर्ण सरसफाईका पाँच प्लस एक** सूचकहरुलाई पूर्ण रुपमा कार्यान्वयनमा ल्याउन पहल गरीन्छ ।
- **ल्याण्डफिल साईड** निर्माण कार्य यसै आर्थिक वर्षवाट शुरुवात गरिनेछ । सरसफाईको क्षेत्रमा सार्वजनिक तथा निजिक्षेत्र परिचालन गर्ने गरि **सार्वजनिक निजि साझेदारी नीति** अवलम्वन गरिनेछ ।

## २.३ सिचाई

- कृषि पकेट क्षेत्रहरुको पहिचान गरी **जनसहभागितामा आधारित सिचांई कार्यक्रम**निरन्तर सञ्चालन गरिनेछ ।
- संघ, प्रदेश तथा स्थानीय सरकारको सहलगानीमा संचालन हुने बृहत सिचाई आयोजनाका साथै पालिका स्तरबाट संचालन हुने साना सिचाई कार्यक्रमलाई समेत प्राथमिकतामा राखिनेछ ।
- निमाणाधिन सिचाई आयोजनालाई प्राथमिकता दिईनुका साथै पुरा भैसकेका योजनाहरुको मर्मत सम्भार कार्य गर्दै पारदर्शि बनाउनको लागि उपभोक्ता समितीलाई तालिमद्धारा सक्षम बनाइनेछ ।
- सिचाइ सुविधा कम भएका कृषिक्षेत्रहरुमा डिप बोरिङ तथा लिफ्टिङ सिचाइ आयोजनाहरु संचालन गर्न प्राथमिकता दिइनेछ ।

## २.४ विद्युतिकरण एवं वैकल्पिक उर्जा

- विद्युत प्राधिकरणसंगको सहकार्यमा सँधा स्थानीय सरकारकै स्रोतबाट काठका पोलहरु प्रतिस्थापन गरिने काय निरन्तर गर्दैवडाहरुमा सौर्य उर्जाको प्रयोगलाई प्रोत्साहित गरिनेछ ।
- न्यून भोल्टेज सप्लाईको कारण भएको अवरोधहरुलाई हटाउन गतविगत देखि संघिय सरकार समक्ष पहलगरिएकोमा हाल सम्म त्यसको ठोस कार्यक्रम शुरुवात नभएको हुदा सो कार्यक्रम यथासिध्र संचालन गर्न आवश्यक समन्वय तथा पहल गरिनेछ ।
- विधुत सेवा नपुगेका टोल वस्तीहरुमा विधुत सेवाको पहुच वृद्धि गर्नुका साथै सौर्य वत्ति वितरण मार्फत "**जनताको कर, जनताको घर उज्यालो मनहरी शहर अभियान**"लाई निरन्तरता दिइनेछ ।
- "**घर भित्रको वायु प्रदुषण मुक्त**"गाउपालिका घोषणा गर्ने अभियानको थालनि गर्न निम्न कार्यक्रम हरुलाई उचित अनुदानको व्यवस्था गरिनेछ ।
    १. सुधारिएको चूलो जडान ।
    २. गोवरग्यास प्लान्ट ।
    ३. सौर्य उर्जा ।

## २.५ युवा तथा खेलकुद तथा अन्य खेलकुद पूर्वाधार

- संघ तथा प्रदेश सरकारको समेत लगानीमा वडा नं. ३, [illegible]मा क्षेत्रीय स्तरको **मदन भण्डारी स्मृति रंगशाला** निर्माण कार्यलाई संघ तथा प्रदेश सरकार सँगको समन्वयमा अगाडी बढाईने छ ।
- युवा लक्षित स्वरोजगारमूलक, सीपमूलक र क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- **गाउँपालिका स्तरिय खेलकुद विकास समिति**को संस्थागत विकास गरि समग्र खेलकुद विकासको जिम्वेवारी प्रदान गरिनेछ । उक्त समिति मार्फत खेलकुद सम्वन्धि योजना तर्जुमा गरि खेलकुद प्रशिक्षक नियुक्तिको प्रकृया अगाडि बढाईनेछ ।
- विभिन्न स्तरको फुटवल/अन्यखेलकुद प्रतियोगिता घोषणागरी प्रतियोगिता आयोजना गरिने छ ।
- **मकवानपुर गोल्डकप,अध्यक्ष कप फुटवल प्रतियोगिता र उपाध्यक्ष कप महिला भलिबल प्रतियोगित**लाई निरन्तरता दिईनेछ ।
- सार्वजनिक पार्क स्थापना, संरक्षण र सञ्चालन गर्ने कार्यलाई बढावा दिई गाउपालिका भित्रका व्यायाम केन्द्र तथा योग साधना केन्द्र निर्माण कार्यलाइं निरन्तरता दिईनेछ ।
- राष्ट्रिय युवा परिषदसंगको सहकार्य र समन्वयमा **नमुना युवा सांसद सम्वन्धि कार्यक्रम**हरु संचालन गरिनेछ ।

## ३. बातावरण तथा विपद व्यवस्थापन

### ३.१ वन, वनस्पति, भूसंरक्षणर वातावरण

- विकास आयोजना सञ्चालन गर्दा वातावरणीय प्रभाव मूल्याङ्कन गर्ने परिपाटीलाई संस्थागत गर्दै लगिनेछ । साथै जलवायु परिवर्तनको नकारात्मक असरलाई न्यूनीकरण गर्न सम्वन्धित निकायहरुको सहकार्यमा विशेष कार्यक्रम सञ्चालन गर्न आवश्यक पहल गरिनेछ ।
- गाउँपालिकास्तरका हरेक कार्यक्रम तथा आयोजना सञ्चालन गर्दा बातावरण मैत्री वनाई गाउँपालिकामा **वातावरण मैत्री स्थानीय शासनको अवधारणा**लाई कार्यान्वयन तहमा उतार्ने प्रयास गरिनेछ ।
- सामुदायिक वन उपभोक्ता समितिहरुसंगको सहकार्यमा बृक्षारोपण र वन संरक्षण कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- ऐलानी पर्ती सार्वजनिक जग्गाको संरक्षण गर्ने कार्य लाई निरन्तरता दिईनेछ । हालसम्म पहिचान तथा नक्सांकन भएका सार्वजनिक तथा पर्ति जग्गाको संरक्षणगर्न अतिक्रमित जग्गा खालि गराउने तथा खालि जग्गाहरुमा घेरावार गर्नेकार्यलाई प्रार्थामकताका साथ अगाडि बढाईनेछ ।
- विपद व्यवस्थापन संग सम्वन्धित सरकारी तथा गैरसरकारी निकाय संगको समन्वयमा प्रभावकारी विपद व्यवस्थापनको लागी कार्ययोजना वनाई लागू गरिने छ ।सरोकारवालाहरु संग सहकार्य गरी चुरे संरक्षणमा ध्यान दिईने छ ।जोखिम युक्त स्थानमा रहेका एवम् जंगल सिमाना जोडिएका संकटापन्न क्षेत्रमा वसोवास गर्ने तथा बाढी, पहिरो पिडित तथा विस्थापित परिवारलाई स्थानान्तरण वा पुनरस्थापनाको लागि पहल गरिनेछ ।
- चुरे संरक्षण कार्यलाई राष्टपति चुरे संरक्षण कार्यक्रम संग सहकार्य गरि निरन्तरता दिईनेछ ।
- **विपद व्यवस्थापन कोष सञ्चालन निर्देशिका** बमोजिम विपदबाट प्रभावित परिवारलाई राहत तथा उद्दार कार्यक्रम सञ्चालन गरिनेछ ।
- जलवायु अनुकुलन तथा जैविक विविधता सम्वन्धि बिशेष कार्यक्रम संचालन गरिने छ ।
- यस मनहरी गाँउपालिकाका केही क्षेत्रहरु चट्याङका दृष्ट्रीकोणले अति संवेदनशिल क्षेत्र देखिएको हुंदा यसबाट हुने जनधनको क्षेती न्यूनिकरण गर्न आवश्यक कार्यक्रम पहिचान गरि कार्यन्वयन गरिने छ ।

निर्णय प्रमाणित
प्रमुख प्रशासकीय अधिकृत

अध्यक्ष

Scanned by TapScanner

- **बन पैदाबरमा आधारित काष्ठ उधोगसञ्चालनका** लागि मापदण्ड लगायतका व्यवस्था परिमार्जन गरी सहजिकरण गर्न नेपाल सरकार समक्ष अनुरोध गरिनेछ ।
- नदीजन्य लगायत प्राकृतिक श्रोतमा आधारित कच्चा पदार्थको उत्खनन् प्रशोधन तथा निकासी कार्यलाई मापदण्ड बनाइ कार्यान्वयनमा सहजीकरण गरिने छ ।
- **स्थानीय सरकार संचालन ऐन** ले दिएको अधिकारलाई प्रयोग गरि **मध्यवर्ति क्षेत्र व्यवस्थापन समिति**लाई प्रभावकारी बनाइनेछ ।

## ४. सामाजिक विकास

### ४.१ बस्ति तथा शहरी बिकाश

- **भुमि सम्वन्धि उच्चस्तरिय समिति** सगको सहकार्यमा यसै वर्षवाट भुमिहिन सुकुम्वासी , भुमिहिन दलित तथा अव्यवस्थीत बसोबासिको लगत संकलन, जग्गा पहिचान तथा जग्गा नापजांच कार्यको शुरुवात गरिनेछ ।
- संघ तथा प्रदेश सरकारको समन्वयमा पनि जग्गा छनौट गरि भुमीहिन सुकुम्वासीहरुलाई एकिकृत बस्ती निमार्ण गरि बसोबासको प्रवन्ध मिलाइने छ ।
- **भू उपयोग नीति** तयार पारी व्यवस्थित बस्ति तथा कृषि र सरक्षण योग्य जमिन पहिचान गरीने छ ।
- भवन निर्माण सम्बन्धी मापदण्ड २०७५ लाइ कार्यान्वयनमा ल्याईनेछ ।
- सम्पूर्ण गाउपालिका क्षेत्रमा भवन निर्माण आचार संहिता कडाइका साथ लागू गरिने छ ।
- **जनमुखी जनता आवास कार्यक्रम** संचालन गरि गाउपालिका भित्रका फुसको छाना विस्थापन गरि जस्तापाता वितरण गर्ने कार्यक्रम लाइ निरन्तरता दिइनेछ ।
- गाउपालिका क्षेत्र भित्र रहेका सार्वजनिक पर्ति तथा सरकारी जग्गाहरुमा रहेको अतिक्रमणलाई निरुत्साहित गर्न तथा त्यस्ता जग्गाहरु,गाउपालिकाको मातहतमा ल्याउने प्रकिया अघि वढाउन तथा सार्वजनिक, पर्ति तथा सरकारी जग्गाको सरक्षण गर्ने व्यवस्था मिलाइनेछ ।

### ४.२ शैक्षिक विकास कार्यक्रम

- **नेपालको पहिलो बालमैत्री गाँउपालिका** घोषण भएको यस पालिका भित्रका सम्पुर्ण वालवालिकाहरुलाइ वालमैत्री गाउपालिका घोषणाका सुचक बमोजिमका न्युनतम सेवा, सुविधा र संरक्षणको कार्यक्रम संचालन गरिनेछ ।
- गाउ शिक्षा ऐन २०७५ बमोजिम मा. वि तह सम्मको शिक्षा व्यवस्थित गरिनेछ ।शैक्षिक विकास कोषको स्थापना गरिने छ । गाउपालिका भित्र सञ्चालित सामुदायीक क्याम्पसको स्तरउन्नतीमा सहयोग गरिने छ ।
- शिक्षाक्षेत्रको विकासको लागि विद्यालयको भौतिक पुर्वाधार सुधार, खानेपानी, फर्निचर लगायत विपन्न जेहेन्दार विद्यार्थीहरुका लागि पोशाक, शैक्षिक तथा खेलकुद सामाग्री वितरणको कार्यक्रम सञ्चालन गरिनेछ ।
- **शिक्षामा सबैको पहुच कार्यक्रम** संचालन गरि विद्यालय बाहिर रहेका बालबालिकाहरुलाइ विद्यालय भर्ना गर्ने र विद्यालयमा उनिहरुको उपस्थीतिलाइ निरन्तरता दिदै शैक्षिक उपलब्धि वृद्धि गर्न आधारभूत तहको शिक्षालाइ निशुल्क तथा अनिवार्य गराउने कार्यलाइ निरन्तरता दिइनेछ ।
- नेपाल सरकार तथा बागमती प्रदेश सरकारसगको सहकार्यमा प्राथमिक तहका विधार्थी भाइबहिनीहरुलाइ **दिवा खाजाको व्यवस्थापन** गरिनेछ ।

प्रमाणित

- विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ र पदाधिकारीहरुको संस्थागत क्षमता अभिवृद्धि गर्नुका साथै शिक्षक तथा विद्यार्थीहरुको अभिलेख व्यवस्थापन गरिनेछ ।
- शिक्षक विद्यार्थी अनुपातका आधारमा शिक्षक दरबन्दि कम भएका विधालयहरुलाई विद्यार्थी संख्याका आधारमा **शैक्षिक व्यवस्थापन अनुदान** प्रदान गरिनेछ ।
- उत्कृष्ठ विधालय, शिक्षक तथा उत्कृष्ठ अंक प्राप्त गर्ने छात्रछात्रालाई पुरस्कृत गरिनेछ ।
- कम्प्युटर, कृषि तथा भेटेनरी लगायत प्राबिधिक शिक्षालयहरु स्थापना गरि संचालनमा सहयोग पुर्याईने छ ।
- मनहरीमा अवस्थित एक मात्र क्याम्पस संचालनको लागि आवश्यक अनुदान सहयोग उपलब्ध गराईनेछ ।
- बाल बिकास सहजकर्ता र विद्यालय कर्मचारीले प्राप्त गर्दै आएको सुविधामा गाँउपालिकाको तर्फबाट मासिक रु १०००/- का दरले प्रोत्साहन रकम उपलब्ध गराईने छ ।

४.३ **स्वास्थ्य सेवा**

- गाउ कार्यपालिकाको नियमित मासिक बैठक भत्ता रकम कोरोना भाईरस रोकथाम बिपद व्यावस्थापन कोषमा जम्मा गरिने छ ।
- **कोरोना भाईरस (कोभिड १९)** का कारण श्रृजित असहज परिस्थीति तथा आम मानव जातिमाथि पर्न गएको संकट व्यवस्थापनको कार्यलाई पहिलो प्रार्थमिकता दिई **मानव जिवन बचाउने** अभियानलाई पहिलो प्रार्थमिकता दिईनेछ ।
- जोखिम युक्त क्षेत्रवाट फर्किएका नागरिकहरुलाई जिम्मा लिने, सुरक्षित तथा न्युनतम सुविधा सहीत क्वारेन्टाईनमा राख्ने, रोगी पहिचान भएका नागरिकहरुको उचित उपचार गर्ने र समाजमा पुनर्स्थापना गराउने तथा आम गाउपालिका वासिहरुलाई भरपर्दो तथा प्रयाप्त सुचना प्रवाह गरि रोगवाट सुरक्षित राख्नेकार्यमा प्रयाप्त स्रोतसाधन र जनशक्ति परिचालन गरिनेछ ।
- कोरोना भाईरसको प्रकोप न्युनिकरण तथा उपचारमा संलग्न स्वास्थकर्मी, सुरक्षाकर्मी तथा फ्रन्टलाईनमा खटने जनशक्तिको सुरक्षा र सुविधामा कुनै कमीहुन नदिने गरि आवश्यक स्रोतसाधन विनियोजन गरिनेछ ।
- स्वास्थ्य सेवालाई अझ विश्वासिलो, भरपर्दो र पहुंचयोग्य बनाउन तथा वर्तमान परिस्थीतीसंग सामना गर्नसक्ने वनाउन प्रार्थमिक स्वास्थ्य केन्द्र तथा स्वास्थ्य चौकीहरुको आवश्यकतानुसार सुविधायुक्त वनाउदै लगिनेछ ।
- महिला स्वास्थ स्वयसेविकाहरुको सेवाको उचित मूल्यांकन गरिनुको साथै उनिहरुको क्षमता अभिवृद्धी तालिम संचालन र **स्वयंसेविका आयआर्जन कोष** स्थापना गरिनेछ ।
- मनहरी गाउपालिकाभित्रको नागरिकता भएका सतप्रतिशत आमाहरुको प्रसुती स्वास्थ्य संस्थामा गराउने सुनिश्चितताका लागि महिलाले दुई वटा सम्म सन्तान स्वास्थ्य संस्थामा प्रसुती गराउदा रु.२००० बराबर प्रोत्साहन स्वरुप पोषण सामाग्री उपलब्ध गराईने कार्यक्रमलाई निरन्तरता दिइएकोछ ।
- बालबालिकाहरुलाई खोपको पहुंच अभिवृद्धि गर्दै पूर्ण खोप गाउपालिका घोषणा भैसकेको सदर्भमा स्थायीत्व प्रदान गर्न घोषणा पश्चातकार्यका लागी गाउघर खोप क्लिनिक निरन्तरता दिईनेछ ।
- समुदाय, ज्येष्ठ नागरिक, अति विपन्न दलित, जनजाती तथा अल्पसंख्यक लोपोन्मुख लक्षित वर्गको स्वास्थ्य सेवामा पहुंच अभिवृद्धि गर्न एकिकृत स्वास्थ्य सेवा कार्यक्रम सञ्चालन गरिनेछ ।

निर्णय प्रमाणित
प्रमुख प्रशासकीय अधिकृत

एकराज उप्रेती
अध्यक्ष

- **बाहा स्वास्थ बिमा कार्यक्रम** संचालन गरिएको गाउँपालिकामा विपन्न नागरिकहरुलाई स्वास्थ्य बिमामा पहुँचको लागि गाउँपालिकाको तर्फबाट बिमा गर्न **गाउँबिमा सहयोग कोषको** स्थापना र संचालनलाई यस आ.व. पनि निरन्तरता दिइएकोछ ।
- अनिवार्य रुपमा जाँच गर्न पर्ने गर्भवती गर्भ जाँच गराउन आउँदा पोषणको व्यवस्था सहित उचित प्रोत्साहित गरिनेछ । शिशु कुपोषणको चपेटामा परेका बालबालिकाको पहिचान गरी निशुल्क उपचारको व्यवस्था मिलाइने छ ।
- २ छोरी मात्रको जन्म पश्चात स्थायी बन्ध्याकरण गर्ने विवाहित महिला/पुरुषलाई पोषण सामग्रीको साथै उचित नगद पुरस्कारको कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- मनहरी प्राथमिक स्वास्थ्य केन्द्रमा पन्ध्र शैयाको अस्पताल निर्माण कार्य यसै वर्षबाट शुरुवात हुने भएकोले नयाँ अस्पताल भवन तयार नहुँदा सम्मको लागि **वैकल्पिक व्यवस्था गरी स्वास्थ्य सेवा सुचारु गर्न** आवश्यक बजेटको व्यवस्थापन गरिनेछ ।

## ४.४ महिला

- महिला शसक्तिकरणका लागी मानव बेचबिखन, घरेलु हिंसा, बहुविवाह,नेतृत्व विकास, लैंगिक हिंसा तथाविभिन्न खाले सचेतना, गोष्ठी, तालिम, आयआर्जन, शिपमुलक कार्यक्रमहरुसन्चालन गरिनेछ ।
- महिलाहरुलाइ व्यवसायिकतातर्फ उन्मुख गराउन आवश्यक सीपमुलक, आयमूलक तालिम कार्यक्रमका साथै बेचबिखन, हिंसाबाट पिडित अतिविपन्न महिलाहरुलाई प्रविधि हस्तान्तरणको माध्यम बाट आत्मनिर्भरताका कार्यक्रमहरु सन्चालन गरिनेछ ।
- घरेलु हिंसा, असुरक्षित वैदेशिक रोजगार, बहुविवाह, मानव बेचबिखन लगायत बाट प्रभावित महिलाहरुलाइ निशुल्क कानुनी सहायता प्रदान गरिनेछ । त्यस्ता महिलालाई अल्पकालिन संरक्षणका लागी **सेफ हाउस**संचालन गरी आश्रय प्रदान गरिने छ ।
- घरेलु मदीरा उत्पादन वा अन्य सबै प्रकारका मदिरा बिक्रि बितरणमा महिला संलग्नतालाई निरुत्साहीत गरिनुको साथै **सो** पेशामा संलग्न महिलालाई वैकल्पीक आयआर्जनको कार्यक्रममा आवद्ध गराइनेछ ।महिलाहरुको आर्थिक सशक्तिकरणका लागि विभिन्न आयआर्जनका कार्यक्रममा लगानी गर्न महिला सहकारी मार्फत**उपाध्यक्ष महिला उत्थान कार्यक्रम** संचालन गरिनेछ ।
- सुरक्षित वैदेशिक रोजगारीका लागि **सुरक्षित आप्रवासन कार्यक्रम** संचालन गरिनेछ ।

## ४.५ बालबालिका

- **नेपालको पहिलो बालमैत्री गाउपालिका घोषणा** भएको यस पालिका भित्रका सम्पुर्ण बालबालिकाहरुलाई बालमैत्री गाउपालिका घोषणाका सुचक बमोजिमका न्युनतम सेवा, सुविधा र संरक्षणको कार्यक्रम संचालन गरिनेछ ।
- नेपालको पहिलो बालमैत्रि गाउपालिका घोषणका लागि तयार गरिएको **लगानी योजना** र सोको दिगोपनाका लागी तयार भएको **पाँच वर्षे रणनीतिक योजना** बमोजिमको कार्यक्रम संचालन गर्न आवश्यक बजेट बिनियोजन गरिनेछ
- बालबालिकाहरुको सुरक्षा सहभागिता र बाल अधिकारको संरक्षणको लागि गाउंबाल संरक्षण समिति र गाउंपालिकाको समन्वयमा **मनमोहन बाल सुरक्षा कार्यक्रम** संचालन गरिनेछ ।
- बालबालिकाहरुको मनोरञ्जनको लागिए**क वडा एक बालमैत्री उद्यान** कार्यक्रम सञ्चालन गर्दै लगिने छ ।
- बालविवाह, बालश्रम, बालदासत्व विरुद्ध कार्यक्रमहरु बाल संजाल, बाल संरक्षण समिति र गाउंपालिकाको साझेदारीमा गरिनेछ ।

- बालबिबाह रोक्न गांउक्षेत्र भित्र हुने विवाहमा छापिने निम्ता कार्डमा बर वधुको अनिवार्य उमेर उल्लेख गर्नुपर्ने व्यवस्था कार्यान्वयनमा ल्याईने छ ।

### ४.६ अपाङ्गता वा फरक क्षमता भएका नागरिक

- गाउपालिका क्षेत्रमा निर्माण गरिने सार्बजनिक भौतिक पूर्वाधारहरुलाई अपाङ्गमैत्री बनाईनुका साथै अपाङ्गता भएका व्यक्तिहरुको वर्गिकरण गरि सबैले परिचय पत्र प्राप्त गर्न सक्ने व्यवस्था गरिनेछ ।
- अपाङताको प्रकृति हेरी अपाङता सहायता सामग्रीहरुउपलब्ध गराईने छ ।
- अपाङ्गहरुको जीवनस्तर सुधार गर्ने कार्यलाई विभिन्न तालिम, सचेतना, अन्तरक्रियाकार्यक्रम संचालन गरिनेछ ।
- भिन्न क्षमता भएका व्यक्तिको सम्मान र जीवन निर्वाहका लागि सामाजिक सुरक्षा भत्ता प्रदान, वीउ पूंजी सहितका आयमूलक कार्यक्रम सञ्चालन गरी आत्मनिर्भरता तर्फ उन्मुख हुने वातावरणको सिर्जना गरिनेछ ।

### ४.७ जेष्ठ नागरिक

- जेष्ठ नागरिकहरुको विषेश आवश्यकता र भावनालाई कदर गरि सम्मानित एवं सुरक्षित जिवनयापनमा सहयोग पुग्ने गरि**जेष्ठ नागरिक सहायता कोषको** स्थापना गरिनेछ ।उक्त कोष मार्फत जेष्ठ नागरिकको निशुल्क स्वास्थ परिक्षण र नियमित खानुपर्ने औसधी निशुल्क वितरणको व्यवस्था मिलाईनेछ ।
- जेष्ठ नागरिकहरुको जीवनयापनलाई सहज र सम्मानित एवम् मर्यादित बनाउन **ज्येष्ठ नागरिकस्नेहघर** संचालन संगै कल्याणकारी कार्यक्रम सञ्चालन गरिनेछ ।
- सन्तान विहिन जेष्ठ नागरीक(आमा बा)हरुका लागी **आश्रय भबन निर्माण**को पहल गरि संरक्षणको उचित व्यवस्थापन गरिने छ ।
- जेष्ठ नागरिक सामाजिक सुरक्षा कार्यक्रम अन्तरगत सामाजिक सुरक्षा रकम वितरण कार्यलाई बैकहरु संग सहकार्य गरि सहज र सरल वनाईनेछ ।

### ४.८ एकल महिला,आदिवासी, जनजाति तथा उत्पीडित जाती उत्थान

- एकल महिलाहरुलाई समाजमा सम्मानपुर्वक जिवन यापन गर्न सक्षम बनाउन विभिन्न **जिविकोआर्जन** सम्वन्धि कार्यक्रम संचालन गरिनेछ ।
- सिमान्तकृत, लोपोन्मुख तथा उत्पीडित जातीको संरक्षण तथा विकासका लागि उनीहरुको भाषा तथा सांस्कृतिको संरक्षण गर्नुका साथै **एकल महिलाको लागी सीप विकास तथा आयमूलक कार्यक्रम**हरुमा पहुंच वृद्धि गरिनेछ ।
- आदिवासी तथा जनजातिहरुको विशिष्ट पहिचान दिने सेवा, वस्तु, संस्कृति, कला तथा वस्तीको संरक्षण र सम्वर्द्धन गर्न उपयुक्त स्थानमा संग्रहालयको स्थापना र संरक्षणमा जोड दिईनेछ ।
- दलित वर्गको समग्र आर्थिक उन्नतिको लागि परम्परागत सीप र ज्ञानलाई व्यवसायीकरण गर्नको लागि आवश्यक कार्यक्रमहरु सञ्चालन गरिनेछ । परम्परागत आरनलाई विस्थापित गरि **सुधारिएको आरन** वितरण गरिनेछ ।

### ४.९ साहित्य, भाषा, कला, संस्कृति, र पत्रकारीता

- साहित्य, भाषा, कला, संस्कृति संरक्षण एवं सम्वर्द्धनको कार्यलाई निरन्तरता दिन आवश्यक बजेटको व्यवस्था गरि कार्यक्रमहरु संचालन गरिनेछ । प्राथमिक तह सम्म मातृ भाषामा अध्ययन गर्न प्रोत्साहित गरिनेछ ।



Scanned by TapScanner

- सञ्चार माध्यमहरुको विकास र प्रवर्द्धनमा ... सुशासन, पारदर्शीता, पर्यटन प्रवर्द्धन र गांउपालिकाले लिएका अग्रसरताहरु वा ... बारेमा जनतालाई सुसुचित गर्ने तथा नागरिकको सल्लाह सुझाव लिने पृष्ठपोषण संयन्त्रको रुपमा संचार क्षेत्रसंग सहकार्य गरिनेछ ।
- सञ्चार माध्यमहरुको विकास र प्रवर्द्धनमासहयोग गरिनेछ । लोक कल्याणकारी विज्ञापन वितरणलाई पारदर्शी र मितव्ययी बनाईनेछ ।
- आधारभुत पत्रकारिता तालिम कार्यक्रम संचालन गरि युवायुवतीहरुलाई पत्रकारिता तर्फ आकर्षित गराउने नीति लिईनेछ ।
- विभिन्न विधालयहरु मार्फत साहित्यिक गतिविधिहरु संचालन गर्न प्रोत्साहित गरिनेछ ।

## ५. सार्वजनिक सेवा तथा क्षमता विकास

### ५.१ मानव संसाधन विकास कार्यक्रम

- कर्मचारी तथा जनप्रतिनिधिहरुलाई क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गरिनेछ । उपभोक्ता समितिलाई सार्वजनिक निर्माण सम्वन्धि अभिमुखिकरण सञ्चालनलाई निरन्नरता दिईनेछ ।
- कर्मचारीहरुको मनोवल उच्च राख्न **मौद्रिक गैरमौद्रिक प्रोत्साहन**का साथै अध्ययन अवलोकन **भ्रमण** र **उत्कृष्ठ कर्मचारीलाई पुरस्कृत** गरिनेछ ।
- उत्कृष्ट कार्य गर्ने उपभोक्ता समितिलाई पुरस्कृत गरिने छ ।
- स्थानिय स्तरमा लघुउधम लाई प्रवर्द्धन गरी दक्ष स्वरोजगार उत्पादन गर्न **कम्तिमा १०० युबालाई** तालिम प्रदान गर्ने कार्यक्रम ल्याईने छ ।
- गाउपालिकाको निर्णय कार्यात्वयन, बजार अनुगमन तथा स्थानीय सुरक्षा समेतका आधारमा विष्लेषण गरि यसै आर्थिक वर्षमा नगरप्रहरीको दरवन्दि सिर्जना गरि पदपुर्ति गरिनेछ ।
- यसै आर्थिक वर्ष भित्रएक **थान सुविधा सम्पन्न एम्वुलेन्स** खरिदको प्रकृया अगाडी बढाइनेछ ।

### ५.२ सूचना, प्रविधि तथा अभिलेख व्यवस्थापन

- सुचना प्रविधिको माध्यमवाट **विधुतिय सुशासन कायम गर्न** गाउपालिका तथा वडा कार्यालय, स्वास्थसंस्था तथा विधालयहरुमा सुचना प्रविधिको उपयोग बढाईनेछ ।
- अनलाईन कर प्रणालिको स्थापना मार्फत कर, दस्तुर शुल्क अनलाइन वैकिंग प्रणाली मार्फत भुक्तानी गर्ने कार्यलाई प्रोत्साहन गरिनेछ ।
- गाउ स्तरीय सूचना प्रणाली व्यवस्थित गर्न **पालिका सुचना केन्द्र** स्थापना गर्ने कार्य कार्यान्वयनमा ल्याईनेछ ।
- गाउपालिकाका नीति कार्यक्रम लगायत महत्वपूर्ण सुचना तथा निर्णयहरुलाई सूचना प्रविधिको माध्यमबाट पारदर्शि बनाईने छ । **मनहरी एप्** प्रयोग गर्न आम नागरीकलाई आव्हान गरिने छ ।
- मुख्य बजार क्षेत्रमा सुचनापाटी स्थापना गरिने छ ।
- जिल्ला तथा गांउपालिकामा प्रकाशित/प्रशारण हुने एफ.एम.,पत्रिका,अनलाईन खबर लगायत माध्यममा पारदर्शी रुपमा विज्ञापन वा सुचना सामग्री उपलब्ध गराईने छ ।

### ५.३ सामाजिक परिचालन

- समुदायमा आधारित कार्यक्रम सञ्चालन गर्दा सरकारी, गैरसरकारी तथा निजी क्षेत्रहरुबाट पूर्व गठित समूहहरुलाई नै परिचालन गर्ने तथा निस्कृय समूहहरुको पुर्नगठन गरिने छ ।

Scanned by TapScanner

- सामाजिक सशक्तिकरणको लागी वडा वडामा [illegible] संस्था गठन गरी समुदायको परिचालन गरिने छ ।
- टोल विकास संस्थाहरुको संस्थागत विकास गर्न गाउपालिकामा सुचिकृत गर्ने, मसलन्द तथा अन्य सामाग्री सहयोग गर्ने नीति लिईनेछ ।
- टोल विकास समिति मार्फत सरसफाइ तथा जनचेतनामुलक कार्यक्रमहरु संचालन गरिनेछ ।

## ५.४ गैर सरकारी संस्था/उपभोक्ता समिति तर्फ

- गैर सरकारी संस्थाहरुको परिचालन र समन्वयमा गर्न सकिने सामाजिक परिचालन, तालिम, क्षमता विकास जस्ता कार्यक्रमहरु दुवै पक्षको सहलगानीमा गर्न सकिने गरि नीतिगत व्यवस्था गरिनेछ ।
- गाउँक्षेत्रमा कार्यरत रहेका गैर सरकारी संस्थाहरुबाट सञ्चालित कार्यक्रमहरुको अनुगमनका लागि विशेष व्यवस्था गरिनेछ ।
- आयोजना सचालन सम्बन्धमा उपभोक्ता समितिलाई प्रशिक्षित गर्ने व्यवस्था मिलाइनेछ ।
- समयमै र गुणस्तरीय रुपमा योजना सम्पन्न गर्ने **उपभोक्ता समितिहरु तथा निर्माण व्यवसायीहरुलाई** प्रोत्साहन गर्ने नीति लिईने छ ।

## ५.५ आन्तरिक स्रोत परिचालन तर्फ

- सम्पत्तीकर, विज्ञापनकर, व्यवसायकर, घर बहालकरलाई व्यवस्थितरुपमा संकलन गर्न वडा कार्यालयहरुको क्षमता विकास गरिनेछ । करको दायरा फराकिलो पार्न यसै वर्ष भित्र करदाताको लगत संकलन गर्ने कार्यको प्रारम्भ गरिनेछ ।
- अनलाईन वैकिंग प्रणाली मार्फत कर दाखिला गर्न सकिने सुविधा प्रदान गर्न अनलाईन कर प्रणालीको सुरुवात गरिनेछ ।
- आगामी आर्थिक वर्षका लागि करको दर परिमार्जन नगरि करका दायराहरु फराकिलो पार्न नया स्रोतहरुको पहिचान गरिनेछ ।
- गाउँपालिकाको राजश्व परामर्श समिति, राजश्व शाखालाई सुदृढ र सक्षम बनाइनेछ ।
- समयमा कर तथा शुल्क तिर्ने गाउँवासीलाई थप हौसलास्वरुप निश्चित प्रतिशत छुट दिने तथा समयमा कर तथा शुल्क नतिर्ने गाउँवासीलाई जरिवाना गर्ने तथा वार्षिक रुपमा सबैभन्दा बढी कर तिर्ने करदातालाई सम्मान गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

## ५.६ अनुगमन तथा सुपरीवेक्षण

- अनुगमन प्रणालीलाई छिटो छरितो तथा वस्तुविष्ठ वनाउन अनुगमन तथा सुपरिवेक्षण समितिलाई साधन स्रोतको कमि हुन दिईने छैन । अनुगमन तथा सुपरिवेक्षण पच्छात प्रतिवेदन दिने र सोका आधारमा पृष्ठपोषण लिने कार्यलाई थप व्यवस्थित बनाईनेछ ।
- गाउ क्षेत्र भित्र सञ्चालित योजना तथा कार्यक्रमहरुको नतिजामा आधारित अनुगमन प्रणाली (Result Based Monitoring System)को मर्मअनुसार अनुगमन र मुल्याङ्कन कार्यलाई निरन्तरता दिईनेछ ।
- गाउपालिकावाट संचालित कार्यक्रमहरु अनुगमन पच्छात मात्र भुक्तानी दिईनेछ ।
- गाउपालिका क्षेत्रभित्र अन्य निकायहरुवाट संचालित आयोजना तथा कार्यक्रमको पनि अनुगमन तथा सुपरिवेक्षण गर्न अनुगमन तथा सुपरिवेक्षण समितिलाई प्रोत्साहित गरिनेछ ।

प्रमाणित [illegible] प्रशासकीय अधिकृत

[illegible] राज उप्रेती अध्यक्ष

हँडिया, मकवानपुर
बागमती प्रदेश, नेपाल

## ५.७ संगठन तथा सुशासन तर्फ

- स्थानीय निकायका कर्मचारीहरुको क्षमता विकास तथा कार्यप्रति उत्प्रेरित गर्न आवश्यकतानुसार तालिम, गोष्ठी तथा अभिमुखीकरण कार्यक्रम सञ्चालनलाई निरन्तरता दिइनेछ ।
- विद्यमान सामाजिक सुरक्षा भत्ता वितरण प्रक्रयालाइ अझ बढी व्यवस्थित र सुलभ बनाइने छ । भत्ता प्राप्त गर्ने नागरिकहरुको नामावली गाउपालिकाको Website मा राख्ने व्यवस्था समेत मिलाइनेछ ।
- स्थानीय तहमा सञ्चालित विभिन्न परियोजनालाई पारदर्शी, दिगो र व्यवस्थित बनाउन सार्वजनिक सुनुवाइ, सामाजिक परीक्षण र सार्वजनिक परीक्षणगर्ने कार्यलाई निरन्तरता दिइनेछ ।
- उच्चस्तरको कार्यसम्पादन रहेका कर्मचारीलाई प्रोत्साहनका लागि नगद पुरस्कार तथा सम्मानको व्यवस्थालाई निरन्तरता दिइनेछ ।
- सामाजिक सुरक्षा भत्ता वितरण तथा पञ्जिकरण कार्यलाई ब्यबस्थापन सूचना प्रणालीमा आबद्ध गरिनेछ ।
- स्थानिय न्यायिक समिति मार्फत शान्ति, सद्भाव र न्यायको अनुभुति गर्न सक्ने वातावरण निर्माण गरिनेछ ।

**सभाध्यक्ष महोदय,**

यी तोकिएका कार्य अगाडी बढाउनका लागि कूल रु.६६१६०३५४२०/- को बजेट विनियोजन गरेको छु । उक्त विनियोजित रकम खर्च गर्नको लागि नेपाल सरकार वित्तिय समानिकरणबाट १२५५००००० /- बागमती प्रदेश सरकार बित्तिय समानिकरण अनुदान बाट १०२८४०००/-, नेपाल सरकार सशर्त अनुदानबाट १८४४०००००/-, बागमती प्रदेश शसर्त अनुदानबाट २५४५५०००/-, राजस्वको स्रोत बांडफांडवाट रु. ११२५३६४२०/-, बन रोयल्टीबाट रु. ५०,००,०००/- र अन्य सशर्त अनुदान, सामाजिक सुरक्षा रकम तथा आन्तरीक राजस्व परिचालन बाट २०२३६००००/- प्राप्त हुने अनुमान गरीएको छ । यसका अलावासामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत नेपाल सरकारबाट थप रु.६६२८४०००/ समेत प्राप्त हुनेअनुमान गरेको छु ।

उक्त स्रोत मध्येवाट चालु खर्चतर्फ कुल रु.................................. ( कुल विनियोजनको ....... प्रतिशत ) र पुंजिगत कार्यक्रम तर्फरु.................................( कुल विनियोजनको ....... प्रतिशत ) रकम विनियोजन गरेकोछु ।

सभाध्यक्ष महोदय,

यस निति कार्यक्रम र बजेट कार्यान्वयनबाट मनहरी गाउपालिकाले कोरोना भाइरस (**कोभिड १९**)वाट उत्पन्न मानविय सकटवाट मनहरी वासि दाजुभाइ तथा दिदीबहिनीहरुलाई सुरक्षित राख्न, यस्ता प्राकृतिक प्रकोप तथा महामारीवाट सुरक्षित वनाउन केहि मद्दत पुग्ने विश्वास लिएको छु । यसै गरी नियमित विकास प्रकृया अन्तरगतविनियोजित कार्यक्रम र बजेट मार्फत मनहरी गाउपालिकाको आर्थिक, सामाजिक, भौतिक तथा मानविय क्षमता विकासका गतिविधि सम्पादन गरि मनहरी गाउपालिकालाई सक्षम र समृद्ध वनाउदै लाने विश्वास लिएको छु । हामीले विकासका ठुला पुर्वाधार निर्माणका लक्ष्यमाथ शुरु गरेको यस वर्षको कायक्रमले पक्कै पनि ठोस परिणाम दिनेछ भन्नेमा म विश्वस्त छु ।मनहरी गाउपालिकाको समृद्धिका लागि सहयोग र सद्भाव राख्नुहुने नेपाल सरकार, बागमती प्रदेश सरकार, यस क्षेत्रका आम नागरिक, नीजि क्षेत्र, सरकारी तथा गैह्र सरकारी क्षेत्र, सामुदायिक संस्था,सचारकर्मी लगायत प्रति हार्दिक आभार व्यक्त गर्दछु । विनियोजित

निर्णय प्रमाणित
प्रमुख प्रशासकीय अधिकृत

अध्यक्ष

Scanned by TapScanner

मनहरी गाउँ कार्यपालिकाको कार्यालय
रजैया, मकवानपुर
बागमती प्रदेश, नेपाल

कार्यक्रम तथा बजेट कार्यान्वयनमा सम्वन्धीत सवैपक्षको सहयोग रहने अपेक्षा गरेको छु । बजेट तथा कार्यक्रम तर्जुमाको क्रममा: मार्गनिर्देश गर्नुहुने गाउँकार्यपालिका सदस्यहरुमा आभार प्रकट गर्दछु । साथै सुझाव तथा सल्लाह प्रदान गर्नुहुने सम्पूर्ण राष्ट्रसेवक कर्मचारी तथा अन्य सरोकारवालाहरुलाई धन्यवाद प्रकट गर्दछु ।

अन्त्यमा,

कोरोना भाईरसका कारण असहज वनीरहेको मानविय सभ्यताको रक्षा, रोग, भोक र गरिविको दुष्चक्रवाट माथि उठने हाम्रो साझा प्रयासमा सवैको उत्तिकै योगदान आजको आवश्यकता हो । असिमित मानविय तथा सामाजिक आवश्यकता तथा चाहना विचसिमित साधनद्धारा समृद्धी हासिल गर्न कुशल र मितव्ययी व्यवस्थापन जरुरी रहेको हुन्छ। यस स्थानीय सरकारद्धारा विनियोजित बजेट तथा कार्यक्रमलेआर्थिक, सामाजिक विकासका अनेकौ सम्भावनाका ढोकाहरु पहिल्याएकोसन्दर्भमा सवै एकवद्ध भयौं भने समृद्धि सम्भव देखिन्छ ।

धन्यवाद ।

निर्णय प्रमाणित
प्रमुख प्रशासकीय अधिकृत

एकराज उप्रेती
अध्यक्ष

मनहरी गाउँ कार्यपालिकाको कार्यालय
रजैया, मकवानपुर
बागमती प्रदेश, नेपाल

## स्थानीय तहको आर्थिक ऐन

### मनहरी गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक

**प्रस्तावना**: मनहरी गाउँपालिकाको आर्थिक वर्ष २०७७/०७८ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम मनहरी गाउँ सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ**: (१) यस ऐनको नाम "आर्थिक ऐन, २०७७" रहेको छ ।
(२) यो ऐन २०७७ साल श्रावण १ गतेदेखि मनहरी गाउँपालिका क्षेत्रमा लागू हुनेछ ।

२. **सम्पति कर र भूमिकर (मालपोत)**: गाउँपालिका क्षेत्रभित्र अनुसूचि (१) बमोजिम घर।संरचना र सो ले चर्चेको जग्गा (भवनले ओगटेको क्षेत्रफल बराबरको जग्गा वा पाँच हजार चार सय छयहत्तर वर्गफिट। डेढ कठ्ठा) मा सम्पति कर असूल उपर गरिनेछ । उपदफा (१) बमोजिम सम्पती कर लगाउने भनि तोकेको घर जग्गा बाहेकका अन्य जग्गा भएमा अनुसूची (२) बमोजिम भूमिकर (मालपोत) लगाईनेछ।

३. **घर बहाल कर**: गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले बहालमा दिएकोमा अनुसूचि (३) बमोजिम घर जग्गा बहाल कर लगाइने र असूल गरिनेछ ।

४. **व्यवसाय कर**: गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (४) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

५. **सवारी साधन व्यवस्थापन शुल्क**: गाउँपालिका क्षेत्रभित्र सन्चालन हुने सवारी साधनमा अनुसूचि (५) बमोजिम सवारी साधन व्यवस्थापन शुल्क लगाइने र असुल उपर गरिनेछ ।

६. **विज्ञापन कर**: गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि (६) बमोजिम प्रदेश सरकारले तोकिएको क्षवमा विज्ञापन कर लगाईनेछ ।

७. **मनोरन्जन कर**: गाउँपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा प्रदेश सरकारले तोकिए बमोजिम अनुसूचि (७) अनुरुप मनोरन्जन कर लगाइने र असुल उपर गरिनेछ ।

८. **बहाल बिटौरी शुल्क**: गाउँपालिका क्षेत्रभित्रका सार्वजनिक सम्पतिको उपयोग तथा आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूचि (८) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचिमा भएको व्यस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असुल उपर गरिनेछ ।

९. **पार्किङ शुल्क**: गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूचि (९) बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ।

१०. **सेवा शुल्क, दस्तुर**: गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनुसूचि (१०) मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

११. **वातावरण शुल्क** : गाउँपालिका क्षेत्रमा रहेका विभिन्न उद्योग व्यवसाय नदिजन्य पदार्थ उत्खनन रुख कटान लगायतमा अनुसूचि (११) बमोजिम वातावरण शुल्क लिईने छ । गांउपालिका क्षेत्र भित्र रहेका प्राकृतिक श्रोत र गांउपालिकाले संरक्षण, रेखदेख गर्न सक्ने वा गर्नु पर्ने चिज बस्तुको र उपभोक्ता संरक्षित प्राकृतिक चिज बस्तुमा गांउपालिकाले आफ्नो क्षेत्रबाट निकासी भैजानेमा अनुसूचीमा व्यवस्था भए अनुसार शुल्क लगाइ असुल उपर गर्न सक्नेछ ।

१२. **दहत्तर, बहत्तर तथा निकासी शुल्क**: आ व २०७७।७८ को ढुङ्गा गिट्टी बालुवा बहत्तर दहत्तरको संकलन, बिक्री,निकासीमा बागमती प्रदेश आर्थिक ऐन २०७७ को अधिनमा रही अनुसूची (१२) बमोजिम दहत्तर, बहत्तर तथा निकासी शुल्क लिईनेछ।

निराय प्रमाणात ... प्रशासकीय अधिकृत
... राज उप्रेती

गाउँपालिका क्षेत्रको कृषीजन्य पदार्थ निकासीमा अनुसुची (१३) बमोजिम निकासी दस्तुर लगाईनेछ । त्यसैगरि गांउपालिका क्षेत्रभित्रबाट संकलन भइ निकासी हुने कवाडी सामान मा अनुसुची (१४) बमोजीम कवाडी शुल्क लगाईने छ ।

१३. कर छुटःयस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिइने छैन ।

१४. कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि गाउँपालिकाले तोके अनुसार हुने छ ।

**अनुसुचीमा उल्लेखित करका दरहरुबाट आगामी आ.ब.को मनहरी गा.पा.को आन्तरीक आय तपशील बमोजिम रहने समेत प्रक्षेपण गर्न चाहन्छु ।**

**तपशीलः**

**आन्तरीक राजस्व तथा अन्य आम्दानी प्रासिको अनुमान**

आ.व.२०७७/०७८

अनुसूची-3

| | शीर्षक | आ.व. २०७५/७६ को यथार्थ | आ.व. २०७६/७७ को संशोधित अनुमान(जेष्ठ महिना सम्म) | आ.व. २०७७/७८ को लक्ष्य |
|---|---|---|---|---|
| | **आन्तरिक राजस्वः** | ० | ० | १६७५००००० |
| १ | सम्पत्ती कर | १०८६७२९ | १४२८४७.०८ | १५००००० |
| २ | घरबहाल कर | ६१६७८८.३९ | ४००४८७.३६ | ७००००० |
| ३ | सेवा शुल्क (स्थानीय पूर्वाधार तथा सेवा उपयोगमा) नक्सापास दस्तुर | ६३५६८४.३० | ७९३८३१ | १०००००० |
| ४ | दस्तुर (स्थानीय तहबाट हुने सिफारिस लगायतमा) | ४०९७८१४ | ४५८०२४६.४७ | ५०००००० |
| ५ | विज्ञापन कर | ० | ० | १००००० |
| ६ | व्यवसाय कर | १४६७४०१ | २५७८०० | १५००००० |
| ७ | भूमिकर (मालपोत) | २१६९६४५ | १४९९२३८ | १५००००० |
| ८ | दण्ड जरिवाना | ० | ४५८७०० | १००००० |
| ९ | व्यक्तिगत घटना दर्ता जरिवाना | ७२९,८०६ | ८१२८६८ | ५००००० |

निर्णय प्रमाणित
प्रमुख प्रशासकीय अधिकृत

...कराज उप्रेती
अध्यक्ष

Scanned by TapScanner

| | | | |
|---|---|---|---|
| बहाल बिटौरी घर जग्गा कर | ५२०४ | २११ | ५००००० |
| वातावरणिय प्रदुषण तथा संरक्षण कर | ४६७६६७७.१ | १००७७०७५ | ५०००००० |
| ढुङ्गा गिटी बालुवा निकासी कर(आफ्नो ६० प्रतिशत) | १२३१८७६०६.८८ | ११४१००००० | १५००००००० |
| अन्य व्यावसिक दस्तुर समेत | ६२३३७ | ० | १००००० |
| जम्मा | **१३५०६०११५.६०** | **१२८२५८६५३** | **१६७००००००** |

रजैया, मकवानपुर
बागमती प्रदेश, नेपाल

# मनहरी गाउँपालिकाको विनियोजन विधेयक

**मनहरी गाउँपालिकाको आर्थिक बर्ष २०७७/२०७८ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक**

सभामा पेश भएको मितिः २०७७/०३/१०

**प्रस्तावनाः** मनहरी गाउँपालिकाको आर्थिक बर्ष २०७७/०७८ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम मनहरी गाउँसभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१)यस ऐनको नाम "मनहरी गाउँपालिकाको विनियोजन ऐन, २०७७" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **आर्थिक वर्ष २०७७।०७८ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः** (१)आर्थिक वर्ष २०७७।०७८ को निमित्त गाउँकार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची हरुमा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु.७६,१६,३५,४२०। (अक्षेरुपी. छयात्तर करोड सोह्र लाख पैंतिस हजार चार सय बिस रुपैया मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिने छ ।

३. **विनियोजनः** (१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७७।०७८ को निमित्त मनहरी गाउँपालिकाको गाउँकार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिने छ ।

(२)उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र बिषयगत शाखाले गर्ने सेबा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ/नगरकार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वितीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा

निर्णय-प्रमाणित
प्रमुख प्रशासकीय अधिकृत

पुष्कराज उप्रेती
अध्यक्ष

मनहरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रजैया, मकवानपुर
बागमती प्रदेश, नेपाल

बाहेक अन्य चालू खर्च शीर्षक तर्फ सार्न र वित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ विनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिने छ ।

(३)उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशतभन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँसभाको स्वीकृति लिनु पर्नेछ ।

अनुसूचि-१.

(दफा २ संग सम्बन्धित)

**नेपालको संविधानको धारा २२९ (२) बमोजिम**
**संञ्चित कोषबाट विनियोजन हुने रकम**

| **आ.ब.२०७७/०७८ को विनियोजन विद्येयक** | | |
|---|---|---|
| **क्र.स.** | **विषय क्षेत्र** | **विनियोजित रकम रु.हजारमा** |
| | आर्थिक विकास | ३४०५० |
| | कृषि | २२१५० |
| | उद्योग तथा वाणिज्य | २९०० |
| | पर्यटन | ९००० |
| | सहकारी | ० |
| | वित्तीय क्षेत्र | |
| | सामाजिक विकास | १८४९८५ |
| | शिक्षा | १३७१०० |
| | स्वास्थ्य | ३१९१३ |
| | खानेपानी तथा सरसफाइ | १०००० |
| | संस्कृति प्रवर्द्धन | ० |

| | |
|---|---|
| खेलकुद तथा मनोरञ्जन | ४००० |
| लैंगिक समानता तथा सामाजिक समावेशीकरण | ११७२ |
| पूर्वाधार विकास | २७८८१० |
| स्थानीय सडक, पुल तथा झोलुङ्गेपुल | २०६०१० |
| **सिंचाई** | ० |
| भवन तथा सहरी विकास | ७२००० |
| उर्जा, लघु तथा साना जलविद्युत (वैकल्पिक उर्जा समेत) | ८०० |
| सञ्चार | ० |
| वातावरण तथा विपद व्यवस्थापन | २५१०० |
| **वन तथा भू-संरक्षण** | ० |
| जलाधार संरक्षण | ० |
| वातावरण संरक्षण, जलवायु परिवर्तन | ० |
| फोहरमैला तथा ढल व्यवस्थापन | ० |
| जलउत्पन्न प्रकोप नियन्त्रण | २००० |
| विपद व्यवस्थापन | १५००० |
| सामाजिक सुरक्षा तथा रोजगारी व्यबस्थापन | ८१०० |
| वारुण यन्त्र सञ्चालन | ० |
| संस्थागत विकास, सेवा प्रवाह र सुशासन | २३८६१०.४२ |
| सामान्य सेवा | ७२४०० |
| सुरक्षा व्यवस्थापन | ० |

मनहरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रजैया, मकवानपुर
बागमती प्रदेश, नेपाल

| | | |
|---|---|---|
| | सूचना प्रविधि | ० |
| | पञ्जिकरण व्यवस्थापन | ४२०० |
| | स्थानीय तथ्याङ्क संकलन र अभिलेख व्यवस्थापन | ३०० |
| | सुशासन प्रवर्द्धन | १०००० |
| | अनुसन्धान तथा विकास | ० |
| | अन्यत्र वर्गिकृत नभएको | १५१७९०.४२ |
| जम्मा बजेट | | ७६५६३५.४२ |

[illegible]
प्रमुख प्रशासकीय अधिकृत

[illegible]
अध्यक्ष